दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१



वर्ष ३७ | अंक १०३ | बुटवल | २०८१ चैत २७, गते बुधबार | नेपाल संवत ११४५ | Wednesday Apr. 09, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


## सबै दलबिच नयाँ समझदारी गरौं : लिङ्देन

बुटवल । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का अध्यक्ष राजेन्द्र लिङ्देनले लिङ्देनले सबै राजनीतिक दलहरूले नयाँ समझदारी गर्नुपर्ने भन्दै प्रस्ताव गरेका छन् । मंगलबार पार्टीले आयोजना गरेको बृहत् खबरदारी सभालाई सम्बोधन गर्दै लिङ्देनले राजादेखि गणतन्त्रवादीसहित अट्ने व्यवस्था स्थापित गर्नुपर्ने प्रस्ताव गरेका हुन् ।

'सबै राजनीतिक शक्तिहरूको सहकार्यमा नयाँ समझदारीमा गरौं। हिजोको राम्रा कुरा र अहिलेका केही राम्रा छन् त्यो पनि समेटौं,' उनले भने-'जहाँ राजादेखि अहिलेका गणतन्त्रवादी अट्नेछन्। राजा अभिवभावकीय शक्तिको रुपमा राखौं। जनताले प्रत्यक्ष निर्वाचित गर्ने कार्यकारी राष्ट्रपति हुने, प्रदेश नरहेको केन्द्र सरकार र बलियो स्थानीय तह बनाऔं ।'

यसो गरे १० वर्षभित्रै देश विकास भएको देख्न सकिने दाबी गरे। चैत १५ गते काठमाडौंको तीनकुनेमा भएको प्रदर्शनपछि देशको राजनीतिक घटनक्रममा केही परिवर्तन भएको पनि बताए ।

राजावादीको उक्त प्रदर्शनमा राज्यको तर्फबाट आतंक सिर्जना गरिएको भन्दै हिंसा भड्काएको आरोप जनाए । 'राप्रपा हिंसामा विश्वास गर्दैन । जेका लागि भए पनि हिंसाको विरोध गर्छ । १५ गते भएको हिंसाको निन्दा र खेद प्रकट गर्दछौं,' उनले भने,'-त्यो हिंसा राज्यका तर्फबाट गरिएको थियो । त्यो भन्नमा कुनै आपत्ति छैन । कुनै पनि अराजकतामा भविष्य देख्दैनौं, शान्तिपूर्ण दबाबबाट हाम्रो मान्यता स्थापित गर्न सक्ने विश्वासमा छौं ।' वर्तमान सरकार नसुध्रिए प्रधानमन्त्रीको सरकारी निवास बालुवाटार घेरेर भातपानी बन्द गरिदिने चेतावनी दिएका छन् ।

मंगलबार पार्टीले आयोजना गरेको खबरदारी सभालाई सम्बोधन गर्ने क्रममा उनले आफूहरू गोली नचलाउने तर बालुवाटार घेर्न भने सक्ने बताए ।

» *बाँकी ३ पेजमा*

## छविलाल अस्पताल भर्ना

बुटवल । सहकारी ठगीको अभियोगमा पुर्पक्षका लागि थुनामा रहेका नेपाल प्रहरीका पूर्वप्रहरी नायव महानिरीक्षक (डीआईजी) छविलाल जोशी अस्पताल भर्ना भएका छन् ।

मंगलबार उनको स्वास्थ्यमा समस्या देखिएपछि युनिभर्सल कलेज अफ मेडिकल साइन्स, भैरहवा (युसीएमएस) भर्ना गरिएको रुपन्देही कारागारका जेलर सुरज भण्डारीले नेपालखबरलाई जानकारी दिए ।

पूर्वडीआइजी जोशी पहिल्यैदेखि बिरामी छन् । नियमित औषधि सेवन गर्दै आएका उनको स्वास्थ्यमा मंगलबार थप समस्या देखिएपछि अस्पताल भर्ना गरिएको र केही दिन अस्पतालमै राख्नु पर्ने जेलर भण्डारीले बताए ।

उक्त कारागारमा जोशी माघ २८ गतेदेखि छन् । सुप्रिम सहकारी ठगी र संगठित अपराधको कसुरमा जिल्ला अदालत रुपन्देहीले माघ २८ गते उनलाई पुर्पक्षका लागि थुनामा पठाउन आदेश दिएको थियो ।

जिल्ला न्यायाधीश वशिष्टकुमार घिमिरेको इजलासले उनलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएपछि त्यसविरुद्ध उनले उच्च अदालतमा निवेदन दिएका थिए । आफूलाई थुनामा राख्ने जिल्ला अदालतको आदेश बदर गरी साधारण तारेखमा राखेर मुद्दाको पुर्पक्ष गर्न उनको माग थियो । तर गत शुक्रबार उच्च अदालत रुपन्देहीले पनि उनलाई थुनामा राख्ने जिल्लाकै आदेश सदर गरेको छ ।

त्यसअघि पोखराका सूर्यदर्शन सहकारीमा ८८ लाख र काठमाडौंको स्वर्णलक्ष्मी सहकारी ठगीको मुद्दा ५० लाख धरौटी बुझाएर रिहा भएका थिए ।

सुप्रिम सहकारी ठगीकै मुद्दामा जिल्लाबाट एक करोडी धरौटीमा रिहा भएका राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेलाई पनि उच्च अदालतले थुनामा पठाएको छ । लामिछाने सोमबारदेखि सोही कारागारमा छन् । तर उनीहरूलाई छुट्टा छुट्टै ब्लकमा राखिएको छ ।

अब उच्च अदालतको आदेशविरुद्ध उनीहरूले सर्वोच्च अदालतमा निवेदन दिन सक्छन् । सर्वोच्च अदालतले रिहा नगरे उनीहरू कम्तिमा फैसला नहुन्जेल कारागारमै बस्नु पर्नेछ ।

जोशी र लामिछानेमाथि अन्य जिल्ला अदालतले गरेका आदेशविरुद्ध पनि उच्च अदालतमा निवेदन विचाराधीन छन् ।

## राजतन्त्र फर्किने सपना पूरा हुन्न : प्रधानमन्त्री

बुटवल । प्रधानमन्त्री केपी शर्मा ओलीले नेकपा एमाले र नेपाली कांग्रेस गठबन्धनको वर्तमान सरकारले संविधानको रक्षा गर्दै जनतालाई समृद्धि र सुशान दिएरै छाड्ने बताएका छन् ।

सिरहा बजारमा आयोजित पार्टीको ११औं जिल्ला अधिवेशन सभालाई मंगलबार सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले यो सरकार आगामी चुनावसम्म रहने बताए ।

उनले भने-'यो सरकार चुनावसम्म टसमस हुँदैन । अबको १५ महिनापछि कांग्रेस सभापति शेरबहादुर देउवालाई म हस्तान्तरण गर्छु । सरकार अहिले ढल्छ, भरे ढल्छ भन्नेहरू अब थाके । यो मजबुद सरकार हो ।'

प्रधानमन्त्री ओलीले राजतन्त्र फर्कन्छ भन्ने कसैको सपना पूरा नहुने बताए । १५ चैतको अराजक गतिविधिबाट राजतन्त्र पक्षधरको वास्तविकता देखिएको भन्दै प्रधानमन्त्री ओलीले आगजनी र तोडफोड गर्ने मान्छेका हातमा शासन नजाने र जान दिन नहुने बताए ।

'तपाईंहरू ढुक्क हुनुस् । राजतन्त्र कुनै हालतमा फर्कँदैन । एमाले र कांग्रेसजस्ता पुराना र ठूला पार्टीले चलाएको सरकारले संविधान र व्यवस्थाको रक्षा गर्दै जनतालाई समृद्धि र सुशासन दिएर छाड्छ ।'

### चार व्यवसायिक संस्थाको प्रश्न :

# कसले रोक्यो भैरहवाबाट अन्तर्राष्ट्रिय उडान ?

**नियमित यात्रु पाउँदा पनि कतिपय वायुसेवा कम्पनीहरुले उडान कटौती गरेकाले त्यस्तो किन भएको हो भन्ने प्रश्न गर्दै कटौती भएका उडानहरु पुन: फिर्ता ल्याउन सरकारले सक्दो पहल गर्न नसक्नुको कारण पनि माग गरेका छन् ।**

**लुम्बिनी संवाददाता**

*बुटवल*

उद्घाटनको तीनवर्ष बित्न लाग्दासमेत गौतमबुद्ध विमानस्थलबाट अन्तर्राष्ट्रिय नियमित हुन नसकेपछि रुपन्देहीका होटेल तथा पर्यटन व्यवसायीहरु निराश र छटपटीमा छन् । कारण हो-उनीहरुले अन्तर्राष्ट्रिय विमानस्थललाई लक्षित गरेर तारे होटेलसहित पर्यटन सम्बन्धित विभिन्न व्यवसायमा गरेको करिब एक खर्ब लगानीले प्रतिफल दिनुको साटो डुब्ने चिन्ता । मंसिर पहिलो साता एक नेपाली र चार विदेशी वायुसेवा कम्पनीकतार एयरवेज, थाई एयर एसिया, फ्लाई दुबई, जजिराले उडान सुरु गरेपछि रुपन्देहीका पर्यटन व्यवसायी र निजी क्षेत्र उत्साहित भए र। बैंकबाट ऋण लिएर व्यवसायमा थप लगानी गरे । तर उनीहरूको उत्साह एक महिना पनि टिकेन । एक महिना नबित्दै विदेशी एयरलाइन्सले 'भिजिबिलिटी' को समस्या र कतिपयले यात्रु अभावका कारण देखाउँदै उडान रोके ।

नेपाल नागरिक उड्यन प्राधिकरणले भिजिबिलिटीको समस्या समाधान गर्न आईएलएसको विकल्पमा आरएनपीएआर प्रविधि लागु गऱ्यो । त्यसपछि मार्च २९ अर्थात् गत चैत १६ गतेसम्म विमानस्थलमा चहलपहल बढ्यो । एअरलाइन्सले उल्लेख्य यात्रु पाउन थाले । तर अप्रिल १ देखि फेरि अन्तर्राष्ट्रिय उडान रोकिएको पछि व्यवसायीहरु फेरि निराश छन् ।

अहिले नेपाल एयरलाइन्सले मात्रै साताको तीन अन्तर्राष्ट्रिय उडान गरिरहेको छ । विभिन्न बहानामा गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल नियमित सञ्चालन हुन नसकेपछि लुम्विनी प्रदेशको निजी क्षेत्र आक्रोशित बनेको छ । सरकारले गौतमबुद्ध विमानस्थल नियमित सञ्चालनका लागि कुनै कसर बांकी नराखेको दाबी गरे पनि परिणाम नदेखिएको भन्दै निजी क्षेत्रले विमानस्थल सञ्चालन हुन नदिने अदृष्य शक्ति को हो ? भन्ने प्रश्न गरेको छ ।

निजी क्षेत्रका लुम्बिनी प्रदेश स्तरीय संघसंस्थाहरुलेसंयुक्त बक्तब्य जारी गर्दै 'कुन अदृष्य शक्तिले लुम्बिनी प्रदेशको सम्मृद्धिको आधारको रुपमा स्थापना भएको गौतमबुद्ध विमानस्थल सञ्चालन हुन रोकिरहेको छ ?त्यस्ता अवरोधहरु छिचोल्न निजी क्षेत्रका तर्फबाट सरकारलाई कस्तो खालको सहयोगको आवश्यकता परेको हो ?' भन्दैसरकारलाई प्रश्न गरेका छन् । नेपाल चेम्बर अफ कमर्स लुम्विनीका अध्यक्ष टंक पोखरेल,उद्योग वाणिज्य महासंघ लुम्बिनीका अध्यक्ष कृष्ण प्रसाद शर्मा,उद्योग परिसंघ लुम्बिनीका अध्यक्ष एजाज आलम र नेपाल घरेलु तथा साना उद्योग महासंघका अध्यक्ष गणेशप्रसाद अधिकारीले जारी गरेको विज्ञप्तिमा विमानस्थल सञ्चालनका लागि सरकारले तदारुकता देखाएको भनेपनि आवश्यक आधारभूत सरकारी कार्यालयहरुस्थापना



गर्न नसकेको भन्दै असन्तुष्टि जनाएका छन् ।

वैदेशिक रोजगारीमा जान चाहने श्रमिकहरुका लागि म्यानपावर कम्पनीका कार्यालयहरु र श्रम तथा स्वास्थ्य परीक्षण कार्यालयहरुको स्थापनाका लागि निजी क्षेत्रका तर्फबाट पटक पटक आग्रह गर्दा पनि सुनुवाई हुन नसकेको भन्दै उनीहरुले विमानस्थलको दूरावस्था देखेर निजी क्षेत्र चिन्तित भएको उल्लेख गरेका छन् ।

विमानस्थल निर्माण शुरु भएसंगै उत्साहीत भएर सरकारकै आब्हानमा यस क्षेत्रका पर्यटन ब्यवसायीहरुले गरेको करिब एक खर्ब लगानी जोखिममा रहेको भन्दै उनीहरुले विभिन्न बहानामा निजी क्षेत्रलाई पटक पटक निराश बनाउने काम नगर्न चेतावनी दिएका छन् । नियमित यात्रु पाउंदा पनि कतिपय वायुसेवा कम्पनीहरुले उडान कटौती गरेको सुनिएकाले त्यस्तो किन भएको हो र कटौती भएका उडानहरु पुनः फिर्ता ल्याउन सरकारले सक्दो पहल गर्न नसक्नुको कारण पनि माग गरेका छन् । नेपाल घरेलु तथा साना उद्योग महासंघ लुम्बिनीका अध्यक्ष गणेश अधिकारीले सरकारले तत्काल अन्तर्राष्ट्रिय उडान नियमित नगरे प्रदेशभरका व्यवसायिक संस्थाहरु बैशाखदेखि चरणवद्ध संयुक्त आन्दोलनमा उत्रिन वाध्य हुने बताए ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल मर्मतका क्रममा गौतमबुद्ध विमानस्थलबाट उडान भएपनि १८ घण्टा सञ्चालनमा भएपछि भैरहवाबाट उडान बन्द हुनु संयोग मात्र नभएको चेम्बर अफ कमर्स लुम्बिनीका अध्यक्ष टंक पोखरेलले बताए ।

'सरकार काठमाडौं केन्द्रीत व्यवसायीको अनुचित दवाव र प्रभावमा परेर गौतमबुद्ध विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान सुचारु गर्न नसकेको हो कि भन्ने गहिरो आशंका यहांका व्यवसायीमा छ, यसलाई सरकारले स्पष्ट पार्नुपर्छ ।'-पोखरेलले भने । भैरहवा विमानस्थलबाट चढ्ने यात्रु पर्याप्त हुन नदिन काठमाडौं केन्द्रित ठूला ट्राभल एजेन्सीले अन्तर्राष्ट्रिय हवाई टिकटमा कार्टेलिङ गरेका, एयरलाइन्स कम्पनीहरूले भैरहवामा सम्पर्क कार्यालय पनि नखोलेका र स्थानीय ट्राभल एजेन्सीलाई टिकट काट्न पोर्टल खुला नगरेकाले ९५ प्रतिशत टिकट काठमाडौंबाटै बिक्री हुंदा गौतमबुद्ध विमानस्थल पूर्ण क्षमतामा चल्न नदिइएको टुर तथा ट्राभल व्यवसायी चन्द्र थापाले गुनासो गरे ।

टिकट बिक्रीको सिन्डिकेट अन्त्य गर्न लुम्बिनीका मुख्यमन्त्रीसँग पटक-पटक आग्रह गरे पनि सुनुवाइ नभएकाले कतै गौतमबुद्ध विमानस्थल चल्न नदिन केन्द्रदेखि प्रदेश सरकारकै मिलेमतो छ कि भन्ने शंका लागेको थापाले गुनासो गरे ।

पर्यटन व्यवसायी सञ्जय बजिमय भैरहवाबाट उडान गर्ने सबै एयरलाइन्सको टिकट काउन्टर र सम्पर्क कार्यालय विमानस्थलमा हुनुपर्ने, अनलाइन ई-भिसा र इन्टरनेसनल डिजिटल डाइरेक्ट पेमेन्ट प्रणाली हुनुपर्ने बताउँछन् ।

ट्राभल व्यवसायी सागर अधिकारीले विमानस्थल दिगो सञ्चालन गर्न बौद्धमार्गी बाहुल्य देशबाट भैरहवामा सिधा उडान हुनुपर्ने बताउँछन् ।

गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलका प्रवक्ता श्यामकिशोर साहका अनुसार जजिरा एयरलाइन्स, फ्लाई दुबई र थाइ एयर एसियाले 'समर शेड्युल' तय नगरेका कारण उडान बन्द भएको हो । जजीरा एयरलाइन्सले मे महिनाबाट उडान सुरु गर्ने आश्वासन दिएको उनले बताए ।

## शिक्षक महासंघलाई वार्तामा आउन आह्वान



बुटवल । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले आन्दोलनरत नेपाल शिक्षक महासंघलाई वार्तामा आउन आह्वान गरेको छ ।

मंगलबार विज्ञप्ति प्रकाशित गरी मन्त्रालयले २७ गते वार्ताका लागि महासंघलाई आह्वान गरेको हो ।

मन्त्रालयले २७ गतेका दिन वार्ता र संवादका लागि राहत एवम् अस्थायी शिक्षक, साविक उच्च माविका शिक्षक, बालविकास शिक्षक, विद्यालय कर्मचारी लगायतका सबै शिक्षक-कर्मचारीको प्रतिनिधित्व हुनेगरी उपस्थित हुनका लागि नेपाल शिक्षक महासंघलाई पुनः आमन्त्रण गरिएको जनाएको छ ।

नेपाल शिक्षक महासंघले विगतमा भएको सहमति कार्यान्वयन गर्न र विद्यालय शिक्षा ऐन तत्काल जारी गर्न माग गर्दै चैत २० गतेदेखि काठमाडौं केन्द्रित आन्दोलन गरिरहेको छ भने चैत २५ देखि शिक्षकहरू अनिश्चितकालीन शैक्षिक हड्तालमा उत्रिएका छन् ।

यो अवधिमा मन्त्रालयले चैत २१ र २२ गते शिक्षक महासंघलाई वार्तामा बोलाएपनि महासंघले अस्वीकार गरेको थियो ।

'त्यसका बाबजुद हालसम्म यस मन्त्रालयसँग औपचारिक रूपमा त्यस्तो छलफल तथा परामर्श सकेन र हालसम्म पनि ध्यानाकर्षण कार्यक्रम निरन्तर नै रहेको सन्दर्भमा यस मन्त्रालयमा भोलि मिति २०८१/१२/२७ गतेका दिन वार्ता र संवादका लागि राहत एवम् अस्थायी शिक्षक, साविक उच्च माविका शिक्षक, बालविकास शिक्षक, विद्यालय कर्मचारीलगायतका सबै शिक्षक(कर्मचारीको प्रतिनिधित्व हुनेगरी उपस्थित हुनका लागि नेपाल शिक्षक महासंघलाई पुनः आमन्त्रण गरिन्छ' मन्त्रालयले भनेको छ ।

साथै, वार्ता र संवादको समय तालिका आपसी सल्लाह अनुसार तय गरिने मन्त्रालयका प्रवक्ता एवम् सहसचिव शिवकुमार साकाद्वारा जारी पत्रमा उल्लेख छ ।

विद्यालय शिक्षा सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०८० प्रतिनिधि सभामा विचाराधीन छ । उक्त विधेयक संसदको चालु अधिवेशनबाटै पारित गर्ने भनेपनि अगाडि बढ्न सकेको थिएन ।




## सम्पादकीय

# वार्ताबाटै सहमतिमा जाऊ

सामुदायिक विद्यालयका शिक्षकहरू सातादेखि काठमाडौं केन्द्रित आन्दोलनमा छन् । माध्यमिक शिक्षा परीक्षा (एसईई) लगायत वार्षिक परीक्षा सकेर शिक्षकहरू आन्दोलन गर्न काठमाडौं केन्द्रित हुँदा उत्तरपुस्तिका परीक्षण र नतिजा प्रकाशनलगायत काम प्रभावित भएका छन् । कक्षा १२ को परीक्षा नजिकै आउँदैछ, नयाँ शैक्षिक सत्र पनि सुरु हुँदैछ, यो बेला शिक्षकहरु विद्यालयमा केन्द्रित हुनुपर्ने बेला हो ।

नेपाल शिक्षक महासंघको अगुवाइमा भएको आन्दोलनले अहिले शिक्षण संस्था बन्द भएका छन् । सोमबारदेखि 'शैक्षिक हड्ताल'को घोषणाले पठनपाठन ठप्प भएको छ । शिक्षा मन्त्रालयले पटक-पटक वार्ताको आव्हान गरको छ । प्रधानमन्त्री केपी ओली थाइल्याण्ड भ्रमणमा रहेको बेला गत साता कार्यबाहक प्रधानमन्त्री प्रकाशमान सिंहले वार्ताका लागि गरेको आग्रह पनि शिक्षक महासंघले अस्वीकार गऱ्यो । प्रधानमन्त्री केपी शर्मा ओलीले वार्ताबाटै समस्याको समाधान गर्न सकिने विश्वास व्यक्त गरेका छन् । उनले शिक्षकहरुको माग सम्बोधन गर्न शिक्षा मन्त्रीसहितलाई राखेर छलफल गरिसकेका छन् । शिक्षकहरूले विद्यालय शिक्षा ऐन छिटो जारी गर्न सरकारलाई ध्यानाकर्षण गराउँदै आएका छन् । लामो समयदेखि शिक्षा विधेयक संसदमै अड्केको छ । अहिले संसदको विषयगत समितिमा दफावार छलफलमा रहेको विधेयक छिटो टुंग्याउन पहल भइरहेको छ । विधेयक छिटो टुंगो नलाग्दा शिक्षकका समस्या समाधान नभएको मात्र नभई समग्र विद्यालय शिक्षा लयमा जान सकेको छैन । विधेयक संसदबाट पारित नहुँदा शैक्षिक गुणस्तर बढाउन मार्ग खुलेको छैन ।

शिक्षकहरूले यसअघि भएको सहमति कार्यान्वयन गर्न दबाब दिइरहेका छन् । उनीहरुले विगतको सहमति कार्यान्वयनको माग राखेर वार्तामा बस्न बेवास्ता गर्दै आएका छन् । आन्दोलनरत शिक्षक महासंघसँग सरकारले २०८० असोज ५ गते सहमति नै गरेको थियो । विगतको सहमति कार्यान्वयनको माग राखेर वार्तालाई अस्वीकार गर्न मिल्दैन । शिक्षकहरु विद्यालय शिक्षा स्थानीय तहले मात्रै हेर्न हुन्न भनिरहेका छन् । उनीहरुको यो माग सम्बोधन गर्न संविधान संशोधन गर्नुपर्छ । संविधान संशोधन अहिलेको अवस्थामा सहज छैन ।

विगतमा सरकारले शिक्षक महासंघसँग गरेको सहमतिमा, 'साविक उच्च माध्यमिक विद्यालयमा स्वीकृत दरबन्दी र अनुदान कोटामा कार्यरत शिक्षक, राहत शिक्षक, विशेष शिक्षक, छुट अस्थायी करार, प्राविधिक धार, शिक्षण सिकाइ अनुदान कार्यरत शिक्षकहरूको सीमित प्रतिस्पर्धाकासम्बन्धी व्यवस्थालाई एक पटकका लागि आन्तरिकतर्फ ७५ प्रतिशत कायम गर्ने' उल्लेख थियो । निजी विद्यालय व्यवस्थापनको पाटो पनि कसरी सुल्झ्याउने भन्ने छ । विधेयकमा निजी विद्यालय गुठीमा जाने विषय समावेश छ । तर सांसदहरूले यसमा संशोधन हालेका छन् ।

सरकारसँग शिक्षकका माग पूरा गर्न तीन विकल्प छन् । पहिलो अध्यादेश ल्याउने, दोस्रो विशेष अधिवेशन बोलाउने र तेस्रो बर्खे अधिवेशन बोलाउने । संविधान संशोधनसँग सम्बन्धित बाहेक अरु माग संबोधन गर्न बर्खे अधिवेशन छिटो बोलाएर शिक्षा विधेयक टुंगोमा लैजानु उत्तम विकल्प हो । अध्यादेश वा विशेष अधिवेशनबाट यो विधेयक टुंगोमा पुऱ्याउन संभव भए पनि अन्य ऐनका लागि पनि अनावश्यक दबाब पर्ने भएकाले समस्या निम्तिन सक्छ ।

समस्या समाधान वार्ताबाट नै संभव छ । शिक्षकहरु विगतको सहमति कार्यान्वयनको विषय उठाएर वार्तामा बस्न इन्कार गर्न हुन्न । सरकारले पनि ऐन छिटो ल्याउन विश्वास दिलाउन सक्नुपर्छ ।

# ३.४४ अंकले घट्यो नेप्से, घट्यो कारोबार



काठमाडौं । ३.४४ अंकले घट्दा मंगलबार सेयरबजार परिसूचक (नेप्से) २६६६.६१ विन्दुमा बन्द भएको छ ।

परिसूचक घटेसँगै कारोबार पनि घटेको छ । ५अर्ब ३० करोड रुपैयाँको सेयर किनबेच भएको छ । सोमबार ५ अर्ब ६५ करोड रुपैयाँको सेयर खरिद-बिक्री भएको थियो ।

कारोबारमा आएका १३ मध्ये फाइनान्स, उत्पादन तथा प्रशोधन, निर्जीवन बिमा र व्यापार समूहको परिसूचक बढेको छ ।

१२१ कम्पनीको सेयर मूल्य बढेको छ । १२३ कम्पनीको सेयर मूल्य घटेको छ । बोटलर्स नेपाल (बालाजु) र विन नेपाल लघुवित्त वित्तीय संस्थाको सेयर मूल्य १० प्रतिशतले बढेको छ । बाराही हाइड्रोपावर पब्लिक लिमिटेडको सेयर मूल्य ५.८५ प्रतिशतले घटेको छ ।

# पाणिनिको तपोभूमिः संस्कृतको अमर ज्योति



राजेश घिमिरे

हिमालको काखमा बसेर तपस्याको उज्यालो फैलाउने महर्षि पाणिनिको नामले चिनिएको एउटा पवित्र भूमि हो-अर्घाखाँचीको पाणिनि गाउँपालिका । यो ठाउँ केवल भौगोलिक क्षेत्र मात्र होइन, यो त एउटा जीवन्त कथा हो, जहाँ संस्कृत भाषाको अमर ज्योति बलिरहन्छ । पाणिनि, जसले अष्टाध्यायीमार्फत् विश्वलाई भाषाको वैज्ञानिक आधार दिए, उनको तप र साधनाले यो भूमिलाई पवित्र बनाएको छ । ई.पू. बाह्रौं शताब्दीतिर प्रयागराजको तीर्थाटनपछि पाणिनि यहाँको पणेना भन्ने ठाउँमा पुगे र घोर तपस्यामा लीन भए, तर केही पाश्चात्य र आधुनिक विद्वानहरू उनको समय ई.पू. ५०० वर्ष आसपास ठान्छन् । स्कन्दपुराणले भन्छ-"विद्या प्राप्तिका लागि भगवान शङ्करको उपासना गर्नुपर्दछ" भन्ने शास्त्रीय वचनलाई आत्मसात् गर्दै उनले गोपर्वतमा महेश्वरको तपस्या गरे र वैयाकरणहरूमा सर्वोच्च स्थान हासिल गरे । स्कन्दपुराणको अरुणाचल माहात्म्य, उत्तरार्धमा उल्लेख छः

गौपर्वतमिति स्थानं शम्भोः प्रख्यायितं पूरा ।
तत्र पाणिनिना लेभे वैयाकरणिकाग्रता ।। ६८ ०।।





पाणिनिको जन्म पाकिस्तानको शालापुर (हालको लाहोर) मा भएको मानिन्छ । उनका पिताको नाम पाणि वा पाणिन् र माताको नाम दाक्षी थियो । "पाणिन्" शब्दमा अपत्य अर्थमा "इञ्" प्रत्यय लागेर "पाणिनि" शब्द बनेको हो । यद्यपि, उनका पिताको नामको मौलिक रूपमा विद्वानहरूबिच मतभेद छ । उनको गुरु आचार्य वर्ष थिए र गुरुकुल पाटलिपुत्र (हालको पटना) मा थियो । विक्रम् संवत्को ८०० वर्षअघि भारतको प्रमुख विद्याकेन्द्र तक्षशिलामा पनि उनले अध्ययन गरेका थिए । केही विद्वानहरूले उनको जन्मस्थान कौशाम्बी वा प्रयाग भएको अनुमान गरेका छन् । प्राचीन ग्रन्थहरूमा उनको नाम पाणिनि, पाणिन्, दाक्षीपुत्र, शालङ्की, शालातुरीय र आहिक जस्ता विभिन्न रूपमा पाइन्छ । उनका भाइको नाम पिङ्गल र शिष्यको नाम कौत्स थियो । धेरैजसो पाश्चात्य र आधुनिक भारतीय विद्वानहरूले उनको समय ई.पू. आठौं शताब्दी आसपास मानेका छन् ।

पाणिनिको प्रारम्भिक जीवन निकै सङ्घर्षमय थियो । अध्ययनको सुरुवातमा उनी जड र मन्दबुद्धिका थिए । गुरुकुलमा मन्द बुद्धिका कारण गुरुलाई उनलाई बुझाउन कठिनाइ हुन्थ्यो । पाणिनि र कात्यायनले सँगै शिक्षा लिएका थिए, तर कात्यायन तीक्ष्ण बुद्धि र कुटिल स्वभावका थिए । स्वाभाविक रूपमा गुरुको माया र सद्भाव मिहिनेती र अनुशासित शिष्यप्रति हुन्छ र त्यसैले कात्यायन गुरुका प्रिय थिए । पाणिनिले गुरुबाट गाली र मित्र कात्यायनबाट तिरस्कार सहनुपरेको थियो । यसले उनलाई विक्षिप्त बनायो र ज्ञान प्राप्तिका लागि उचित स्थानमा तपस्या गर्ने सङ्कल्प लिएर उनी त्यहाँबाट निस्के। श्रीमद्भागवत महापुराणको "विद्याकामस्तु गिरीशं दाम्पत्यर्थमुमां सतीम्" भन्ने वचनलाई आत्मसात् गर्दै उनी प्रयागराज तीर्थ हुँदै अर्घाखाँचीको पणेना पुगे। त्यहाँ पहाडको टुप्पाबाट निस्केको जल पिएर उनले शिवको आराधना गरे। सुरुमा सात दिनसम्म सागपात खाएर, त्यसपछि जल र अन्तमा वायु सेवन गरी तपस्या गरेको भविष्यपुराणमा उल्लेख छ ।

२८ औँ दिनमा महादेव प्रसन्न भए । त्रिशूल र विश्वको सङ्गीत क्षेत्रको पुरानो बाजा डमरु लिएर ताण्डव नृत्यमा प्रकट भई डमरुको तालमा चतुर्दश माहेश्वरसूत्र प्रदान गरेः

१. अइउण् २. ऋऌक् ३. एओङ् ४. ऐऔच् ५. हयवरट् ६. लण् ७. अमङ्ढनम् ८. झभञ् ९. घढधष् १०. जबगडदश् ११. खफछठथचटतव् १२. कपय् १३. शषसर् १४. हल् ।

नन्दीकेश्वर काशिकाको प्रथम श्लोकमा भनिएको छः

नृत्तावसाने नटराजराजोननाद ढक्कां नवपञ्चवारम् ।
उद्धर्तुकामः सनकादि सिद्धानेतद्विमर्शे शिवसूत्रजालम् ।।

अर्थात्, शिवले नृत्यको अन्तमा नौ र पाँच पटक डमरु बजाएर ऋषिलाई १४ सूत्रको स्मरण गराए । यी सूत्रहरू महेश्वरको कम्पनबाट निस्केकाले "माहेश्वरसूत्र" भनिन्छ । यिनको उच्चारणले वाक्शुद्धि हुन्छ र कठिन शब्दहरू पनि उच्चारण गर्न सकिन्छ । यिनै सूत्रबाट ४२ प्रत्याहार बनाएर पाणिनिले अष्टाध्यायी रचना गरे, जुन शब्दविद्याको प्राचीनतम ग्रन्थ हो । यसको व्यवस्थितता, वैज्ञानिकता र विशालताले विश्वका अन्य व्याकरण ग्रन्थहरूलाई निस्तेज बनायो। अष्टाध्यायीमा ८ अध्याय, प्रत्येकमा ४ पाद र कुल ३,९९५ सूत्र छन्। यसलाई पूर्ण बनाउन पाणिनिले धातुपाठ, गणपाठ, उणादिसूत्र र लिङ्गानुशासन पनि रचे । उनले गान्धार, अङ्ग, मगध, कलिङ्ग आदि जनपदको भ्रमण गरी सांस्कृतिक निधिलाई समेटेर अष्टाध्यायीलाई सर्वमान्य बनाए ।

संस्कृत विश्वको प्राचीनतम र वैज्ञानिक भाषा हो । सृष्टिको आरम्भदेखि ऋषि-महर्षिहरूले यसलाई जीवनको आधार बनाए । वैदिकदेखि लौकिक साहित्यसम्म यो भाषा परिष्कृत हुँदै आयो। पाणिनिले अक्षरतत्व र वर्णतत्वको सङ्कलन गरी ब्रह्मतत्व शब्दमा व्याप्त रहेको देखाए । आधुनिक वैज्ञानिकहरूले पनि बोलेका शब्दहरू ब्रह्माण्डमा शब्दतत्वका रूपमा छरिएको मान्छन्, जसलाई नासाले पुष्टि गरेको छ। पाणिनिको यो योगदानले संस्कृतलाई विश्वभरि चिनायो र यसको वैज्ञानिक आधारलाई स्थापित गरायो । उनको अष्टाध्यायीले भाषाको संरचनालाई यति सुव्यवस्थित बनायो कि यो आज पनि अध्ययनको प्रमुख आधार बनेको छ ।

पाणिनि वैयाकरण मात्र थिएनन्, सुकोमल कवि पनि थिए । उनले "जाम्बवती विजय" वा "पातालविजय" महाकाव्य रचे, जसमाश्रीकृष्णले पातालमा जाम्बवतीसँग विवाह र उनका पितामाथि विजयको कथा छ । यस्ता बहुप्रतिभाशाली पाणिनिको निधन सिंहको आक्रमणबाट भएको मानिन्छ, जुन पञ्चतन्त्रमा उल्लेख छ । किंवदन्तीअनुसार, उनको निधन त्रयोदशी तिथिमा भएको थियो, त्यसैले पाणिनि व्याकरणका अध्येताहरूले यो दिनलाई अनध्याय दिवस मान्छन् । उनको जीवन र मृत्यु दुवैले उनको असाधारण व्यक्तित्वलाई झल्काउँछ ।



पाणिनिको तपोभूमि समुद्र सतहबाट ६,७७३ फिट उचाइमा छ र २७.५१ डिग्रीदेखि ३६१ उत्तरी अक्षांश तथा ८३.१८ देखि ८४.२ पूर्वी देशान्तरमा अवस्थित छ । यहाँबाट हिमाल र तराईको सुन्दर दृश्य देखिन्छ । सिद्धेश्वर महादेव, दुर्गा भगवती, राधाकृष्ण आदि मन्दिरहरूले यो क्षेत्रलाई धार्मिक र पर्यटकीय बनाएको छ ।

यस सिद्धेश्वर आश्रममा खाँचीका राजा जयभूपाल सिंह शाह वर्मा (वि.सं. १५०५-१५७०) ले भगवान् शिव, भगवती अन्नपूर्णा, गणेश र स्वामी कार्तिकेयका मूर्तिहरू कुदाउन लगाएका थिए । तत्कालीन सिञ्जा राज्यका राजा लङ्गुरबमको शासनकालमा जुम्लाबाट वि.सं. १६६९ मा खाँची आएका राजा रामसिंह शाह वर्माले खिदिम पोखराथोकका सिद्ध योगी तथा ज्योतिष शास्त्रका विशिष्ट विद्वान् श्रीधर गौतमलगायतको उच्च पहल र उपस्थितिमा वि.सं. १६७० सालको महाशिवरात्रिको अवसरमा सिद्धाश्रम दहमा सिद्धेश्वर महादेवको मन्दिर निर्माण गरी पूजा-अर्चनाको व्यवस्था मिलाएका थिए ।

यसैगरी, बहुप्रतिभाशाली शिल्पशास्त्री पं. नारायण गौतम (वि.सं. १९८१-२०५१) ले प्रसन्न मुद्रामा डमरु बजाइरहेका सिद्धेश्वर महादेव र तपस्यारत महर्षि पाणिनिका मूर्तिहरू कुदाएर तिनको स्वरूपलाई विश्वसामु स्मरण गराउँदै विभूतिको स्मृति जीवन्त राखेका थिए।पछि, तपोभूमिका अन्वेषक शालिग्राम पोखेल (वि.सं. १९७५-२०५७) र बुद्धिजीवी तथा समाजसेवी गिरिराज पोखेल (वि.सं. १९७७-२०३०) को अग्रसरतामा वि.सं. २०२० मा सेतो संगमरमरबाट निर्मित साढे सात मन तौलको तपस्यारत महर्षि पाणिनिको भव्य मूर्ति स्थापना गराइएको छ । वि.सं. २०१८ सालको वसन्त पञ्चमीको दिनदेखि पं. नारायण गौतमले सिद्धेश्वर आश्रम परिसरमा पाणिनि व्याकरण विद्यालय (गुरुकुल) सञ्चालन गर्नुभयो । यहाँ वेद र व्याकरणको पढाइ हुने गर्दथ्यो । तर, विविध कारणले वि.सं. २०१९ पुष महिनादेखि २०२० वैशाखसम्म सो विद्यालयको पठनपाठन अवरुद्ध हुन गयो । पछि, वि.सं. २०२० जेठ महिनादेखि २०२२ भाद्र मसान्तसम्म मुष्ठी दान संकलनको भरमा यो सञ्चालनमा रह्यो । वि.सं. १९८१ सालदेखि हरिहर गौतमको पहलमा पोखराथोकमा सञ्चालित हरिहर संस्कृत पाठशालालाई सरकारी स्वीकृति लिएर सञ्चालनमा ल्याइएपछि संस्कृत व्याकरणलाई पुनर्जागृत गर्ने उद्देश्यले पाणिनि तपोभूमिमा सञ्चालित पाणिनि व्याकरण विद्यालय पूर्ण रूपमा बन्द भयो ।

यस क्षेत्रमा धार्मिक र आध्यात्मिक जागरण पुनः ल्याउन स्वामी कृष्णानन्द परमहंसले स्थानीय बुद्धिजीवी र समाजसेवीहरूको सक्रियतामा १८ पुराण र उपपुराणहरू गरी २७ पुराणहरू लगाएर यहाँको याज्ञिक परम्परालाई पुनरुत्थान गर्नुभयो । ज्ञान र साधनाको अद्भूत नमुनाको रूपमा रहेको यो क्षेत्रको गर्भिलो इतिहासलाई जोगाइराख्न पाणिनि गाउँपालिकाले प्रदेश र केन्द्र सरकारसँग समन्वय गरी विभिन्न मठमन्दिर, ज्योतिर्लिङ्ग, बाटोघाटो, सभाहललगायतका भौतिक संरचनाहरू निर्माण गर्नुका साथै पाणिनि संस्कृत सम्मेलनमार्फत् भक्ति र ज्ञानका माध्यमबाट नेपालका सयौं पर्यटकीय स्थलहरूमध्ये आफ्नो गौरवमय इतिहासलाई विश्वकै नमूनाको रूपमा स्थापित गर्न प्रयास गरिरहेको छ । महर्षि पाणिनिभन्दा ३०० वर्षपछि यसै प्रदेशमा जन्मेका सिद्धार्थगौतमबुद्धले यहाँबाट करिब ६५ किलोमिटरको दूरीमा दक्षिणतर्फरहेको भूमिलाई आफ्नो साधनाकेन्द्र बनाएका थिए । राष्ट्रिय एवं अन्तर्राष्ट्रिय महत्व बोकेको यस पवित्रधार्मिक तीर्थस्थलमा आएका पर्यटकहरूलाई यसपाणिनि क्षेत्रमा ल्याउन सक्ने सम्मेलन गर्न सकेमा महर्षि पाणिनिका अक्षर समाम्नाय र वाक्समाम्नायद्वारापुनर्जन्म भएको आभास हुने छ ।

महर्षि पाणिनिको पवित्र तपोभूमि र उनको अष्टाध्यायीले संस्कृत भाषा तथा साहित्यलाई विश्वभरि अजरअमर बनाएको छ । अर्घाखाँची जिल्लाको पाणिनि गाउँपालिकाको रूपमा परिचित यो क्षेत्र केवल एक भूभाग मात्र नभई साधना, विद्या र प्रकृतिको सुन्दर संयोजन हो । पाणिनिको कठोर तपले पणेनालाई आध्यात्मिक तीर्थस्थलको पहिचान दिएको छ भने उनको व्याकरणिक कृति अष्टाध्यायीले संस्कृतलाई व्यवस्थित र वैज्ञानिक रूपमा स्थापित गरेको छ । यो ग्रन्थको संरचनागत सुगठन र गहिराइले विश्वका अन्य व्याकरणहरूलाई पछाडि छोडिदियो । सिद्धेश्वर महादेव मन्दिर, पाणिनि व्याकरण गुरुकुल र यहाँका धार्मिक स्थलहरूले यो क्षेत्रको ऐतिहासिक र आध्यात्मिक मूल्यलाई उजागर गर्छन् । खाँचीका शासकहरू, पं. नारायण गौतम, शालिग्राम पोखेल, गिरिराज पोखेल र स्वामी कृष्णानन्द परमहंसजस्ता महान् व्यक्तिहरूको प्रयासले यो भूमिको गरिमा थप उँचो भएको छ । पाणिनि गाउँपालिकाले मन्दिरहरू, मार्गहरू र संस्कृत सम्मेलनद्वारा यो ठाउँलाई विश्वस्तरीय धार्मिक गन्तव्य बनाउन कदम चालिरहेको छामहर्षि पाणिनिभन्दा ३०० वर्षपछि यसै प्रदेशमा जन्मेका सिद्धार्थ गौतमबुद्धले यहाँबाट करिब ६५ किलोमिटर दक्षिणतर्फ रहेको भूमिलाई आफ्नो साधनाकेन्द्र बनाएका थिए । राष्ट्रिय एवं अन्तर्राष्ट्रिय महत्त्व बोकेको यो पवित्र धार्मिक तीर्थस्थलमा आएका पर्यटकहरूलाई पाणिनि क्षेत्रमा ल्याउन सम्मेलन गर्न सके महर्षि पाणिनिका अक्षर समाम्नाय र वाक्समाम्नायले पुनर्जन्मको आभास दिलाउनेछ । पाणिनिको साधना, ज्ञान र समर्पणले नेपालको समृद्ध इतिहासलाई अन्तर्राष्ट्रिय मञ्चमा पुऱ्याउने क्षमता राख्छ । यो तपोभूमि साँचो अर्थमा संस्कृतको अनन्त प्रकाश हो, जसले अध्यात्म र शिक्षाको दीप प्रज्वलित गरिरहनेछ ।



**धुलाम्मे राप्ती लोकमार्गः**

दाङको तुलसीपुरबाट रुकुम पश्चिम् जोड्ने राप्ती लोकमार्ग अन्तर्गत सल्यानको दार्मा गाउँपालिका- ५ स्थित जलेखर्क नजिक कालोपत्र उप्किएर धुलाम्मे बनेको सडक । राप्ती लोकमार्गका दर्जनौं ठाउँमा कालोपत्र उप्केर धुलाम्मे हुँदा यो सडक भएर यात्रा गर्ने यात्रुले सास्ती खेप्दै आएका छन् । तस्विरः कुलदीप न्यौपाने/रासस

# फोनिजको ८औं संघीय महाधिवेशनको तयारी अन्तिम चरणमा

बुटवल । लुम्बिनीमा यही चैत्र २९, ३० र ३१ गते हुन गइरहेको नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) को ८औं संघीय महाधिवेशनको तयारी अन्तिम अवस्थामा पुगेको छ। लुम्बिनीस्थित बौद्ध विश्व विद्यालयमा हुने उक्त महाधिवेशनबारे जानकारी दिने उद्देश्यका साथ बुटवलमा आयोजना गरिएको पत्रकार भेटघाटमा सो कुरा जानकारी गराइएको हो ।

फोनिजले बुटवलमा पत्रकार भेटघाट गर्दै धार्मिक, सांस्कृतिक र पर्यटकीय दृष्टिकोणले विशेष मानिएको गौतम बुद्धको जन्मस्थल लुम्बिनीमा महाधिवेशन आयोजना हुन लागेको जनाएको हो । महाधिवेशनले लुम्बिनी र लुम्बिनीसँग जोडिएका विभिन्न पर्यटकीय क्षेत्रहरुको प्रचारप्रसार र पर्यटन प्रवर्द्धनमा नयाँ तरङ्ग ल्याउने र आन्तरिक तथा बाह्य पर्यटकहरुको आकर्षणलाई अझ विश्वसनीय बनाउने फोनिजले जनाएको छ।

महाधिवेशनबारे जानकारी दिँदै फोनिजका संघीय महासचिव समीर बलामीले देशका ६६ वटा जिल्ला र आठ वटा विशेष क्षेत्रबाट गरी करिब ५ सयभन्दा बढी संघीय प्रतिनिधि र पर्यवेक्षकहरु महाधिवेशनमा सहभागी हुने बताए।

महाधिवेशनमा देशका ६६ जिल्ला समितिहरू, सातवटा प्रदेश समितिहरू, एशोसिएट समिति, प्रतिष्ठान तथा प्रवास शाखा र जातीय संस्थाहरू र फोनिजमा आबद्ध ८ जातीय पत्रकार संघहरूमार्फत् समेत प्रतिनिधि चयन गरिएको महासचिव बलामीले जानकारी दिए । फोनिजमा नेवा पत्रकार राष्ट्रिय दबु, तमु गुरुङ सञ्चारकर्मी संघ, नेपाल तामाङ पत्रकार संघ, नेपाल मगर पत्रकार संघ, लिम्बु पत्रकार संघ, किराँत राई पत्रकार संघ, थारु पत्रकार संघ र शेर्पा सञ्चार समूह रहेका छन् ।

देशभर करिब ५ हजारभन्दा बढी सदस्यहरू रहेको फोनिजको संघीय महाधिवेशनका लागि संघीय अध्यक्ष गजुरधन राई संयोजकत्वमा ५७ सदस्यीय महाधिवेशन आयोजक समिति गठन गरिएको जानकारी दिँदै महाधिवेशनको तयारीका लागि संघीयस्तरमा ९ वटा उपसमिति तथा स्थानीयस्तरमा ५ उपसमिति गठन गरी महाधिवेश व्यवस्थापनको अन्तिम चरणमा पुर्‍याइएको महासचिव बलामीले पत्रकार भेटघाटमा जानकारी दिए।

समृद्धिको आधार, पूर्ण समावेसी सञ्चार भन्ने नाराका साथ सम्पन्न हुने महाधिवेशनको उद्घाटनका लागि संघीय सरकारका सञ्चार तथा सूचना प्रविधिमन्त्री तथा नेपाल सरकारका प्रवक्ता पृथ्वीसुब्बा गुरुङ्गले गर्ने छन् भने बन्द सत्रको शुभारम्भमा लुम्बिनी प्रदेश सरकारका मुख्य मन्त्री चेतनारायण आचार्यले फोनिजकर्मीहरुलाई लुम्बिनी प्रदेश विशेष सम्बोधन गर्ने फोनिजका संघीय सदस्य तथा लुम्बिनी प्रदेश इञ्चार्ज मिलन गाहाले जानकारी दिए।

# वालिङका नागरिकलाई सुरक्षित खानेपानी



श्रीकृष्ण सिग्देल

*स्याङ्जा*

स्याङ्जाको स्मार्ट नगरको अवधारणा बोकेको वालिङ नगरपालिकाका नागरिकले सुरक्षित खानेपानी प्रयोग गर्दै आएका छन् । वालिङ साना शहरी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थामार्फत् सुरक्षित खानेपानी प्रयोग गर्दै आएका हुन् ।

२०५९ सालबाट सुरु भएको परियोजना सम्पन्न भएपछि वालिङका झण्डै ३५ हजार नागरिकले अहिले विश्व स्वास्थ्य संगठनको मापदण्ड अनुसारको खानेपानी प्रयोग गर्न पाएका छन् । खानेपानीको समस्या झेलिरहेका वालिङवासीले सुरक्षित खानेपानीसहितको व्यवस्था मिलेपछि अहिले उपभोक्ताहरु हर्षित भएका छन् ।

तत्कालिन वालिङ नगरपालिकाका प्रमुख हाल गण्डकी प्रदेशसभाका अर्थ तथा विकास समितिका सभापति भोजराज अर्यालको पहलमा वालिङमा यो आयोजना सुरु गरिएको थियो । खानेपानीकै कारण अधिकांश नागरिकमा हैजाको समस्या देखिएपछि अर्यालले यो अवधारणा अगाडि सारेको स्थानीयहरु बताउँछन् ।

खानेपानी जस्तो अत्यआवश्यक बस्तुबाट नागरिकहरु वञ्चित हुन नपरोस् भन्दै तत्कालिन अवस्थामा नगर प्रमुख हुँदा अर्यालले वालिङ बजारमा खानेपानीको व्यवस्थापन मिलाएका थिए । यो योजना सम्पन्न भएपछि जिल्लाकै सुरक्षित खानेपानी पिउने पहिलो वालिङवासी हुन पाएका छन् ।

'उपभोक्ता संस्थामार्फत् आयोजना सुरु गर्दा पानीको मुहानदेखि केही विवादहरु आएका थिए,' सभापति अर्यालले भने-'विवादहरुलाई छिचोल्दै यहाँसम्म आउँदा वालिङवासीले शुद्ध खानेपानी पिउन पाएका छन्, दुषित पानीका कारण हुने रोगबाट यहाँका उपभोक्ताहरु सुरक्षित भएका छन् ।' मानिसको आधा रोग खानेपानीकै कारण हुने गर्छ । त्यस्ता रोगहरुबाट कम्तीमा प्रशोधन गरिएको पानीका कारण बच्न सफल भएको अर्यालले बताए ।

उपभोक्ता संस्थाले झण्डै दैनिक २८ लाख प्रशोधित पानी उत्पादन गर्ने गर्दछ । वालिङका मुख्य बजार क्षेत्रका ३ हजार २९ घरधुरीले २२ देखि २३ लाखसम्म पानी प्रयोग गर्दै आएका छन् । दैनिक पाँच ओटा, मासिक कोलिफर्म र वार्षिक पानीका सबै प्यारामिटरहरु परीक्षण गरिने संस्थाले जनाएको छ ।

वालिङ नगरपालिकाका १, ६, ८, ९ र १० नम्वर वडाका नागरिकहरुले यो खानेपानी प्रयोग गर्दै आएको संस्थाका प्रमुख देवबहादुर बोगटीले बताए । अव बिस्तारै वालिङका सबै वडाहरुमा प्रशोधित खानेपानी पुर्‍याउने लक्ष्य संस्थाको रहेको बोगटीले बताए ।

स्मार्ट अवधारणा बोकेको नगरपालिकाका नागरिकलाई सुरक्षित खानेपानी खुवाउनुपर्ने प्रावधान अनुसार सार्थकता पाएको देखिएको छ । वृहत् खानेपानी आयोजनामार्फत् नगरपालिकाका सबै वडाहरुमा प्रशोधित खानेपानी खुवाउने गरी डीपीआर तयार गरिएको उपभोक्ता संस्थाका अध्यक्ष विद्या श्रेष्ठले जानकारी दिए ।

'अब उपभोक्ताले प्रयोग गरेको पानीलाई समेत शुद्धिकरण गरेर खोलामा पठाउने छौं,' अध्यक्ष श्रेष्ठले भने-'नगरभित्र ढल निकासका लागि डीपीआर तयार भइसकेको छ, केही वर्षमा दुवै आयोजना सम्पन्न गर्नेगरी अगाडी बढेका छौं ।' तिनैतहका सरकारसगँ समन्वय गरेर यो आयोजना सम्पन्न गर्ने तयारीमा रहेको अध्यक्ष श्रेष्ठले बताए । अहिले यो संस्था नयाँ नेतृत्वका लागि चुनावी तयारीमा जुटेको छ ।

पाँचौं साधरणसभा र तेस्रो अधिवेशनको उद्घाटन सत्र सम्पन्न गरी नयाँ नेतृत्वका लागि जुटेको उपभोक्ता संस्थाले २०८२ बैशाख १० गते निर्वाचन गर्ने तयारीमा छ । वालिङको धेरै उपभोक्ता रहेको संस्थामा सहमतिकै आधारमा नेतृत्व टुङ्ग्याउन उपभोक्ताहरुले आग्रह गर्दै आएका छन् ।

**सबै...**

'म फेरि पनि भन्छु, नसुध्रने हो भने हामी पनि गोली चलाउँछौं त भन्दिनँ । बालुवाटार घेरेर भात पानी बन्द गरिदिन सक्छौं' लिङ्देनले भने, 'यो कुरा याद राख ।' अहिलेको जनता मुर्ख भएर नबस्ने भन्दै उनले सूचनालाई कसैले पनि मुठ्ठिमा राख्न नसक्ने जिकिर गरे ।

'अब जनता मुर्ख भएर बसिराख्दैन । सूचना प्रविधिको यति विकास भएको छ । अब सूचनालाई कसैले आफ्नो मुठ्ठीमा राख्न सक्दैन,' लिङ्देनले भने ।

उनले आफूहरू सल्लाह गरेरै विद्रोहमा जाने पनि जिकिर गरे ।

'विद्रोह नै गरेर जाऔं भन्नुहुन्छ भने हामी सल्लाह गरेरै जान्छौं, झुक्याएर जाँदैनौं,' लिङ्देनले भने ।

लिङ्देनले नेपाल प्रहरीका महानिरीक्षक दीपक थापा नेकपा एमालेको भ्रातृ संगठन युवा संघको सहअध्यक्ष बनेको आरोप लगाएका छन् ।

गत चैत १५ गते तीनकुनेमा भएको प्रदर्शनमा प्रधानमन्त्री, गृहमन्त्री र प्रहरी प्रमुख जिम्मेवार रहेको भन्दै उनले प्रहरी प्रमुखबारे गम्भीर आरोप लगाएका हुन् ।

लिङ्देनले भने, प्रहरी प्रहरी भएर बस्नुपर्छ, कुनै राजनीतिक दलको भ्रातृ संगठन भएर बस्ने होइन ।'

उनले अहिले फूली लगाइदिने दलका नाइके र सिफारिस गर्ने सधैं सत्तामा नहुने कुरा याद राख्न पनि उनले आग्रह गरेका छन् ।

## Tansen Municipality
## Office of Municipal Executive

**Tansen, Palpa**

# Invitation for Online Bids

Date of publication: 2081/12/27(April 8, 2025)

Tansen Municipality Office, Tansen,Palpainvites electronic bids from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egpfor following work under National Competitive Bidding system. All other information and Bid Document can be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp

**Information to deposit the cost of bidding document in Bank:**

Name of the Bank: RastriyaBanijya Bank Ltd., Palpa
Name of the Office: Tansen Municipality Office, Tansen, Palpa
Rajaswa Account No.: 30301003010100004
Bid Validity Period: 90 days
Bank details for Bid security ( If Cash deposit) :RanstriyaBanijya Bank, Palpa, A/C no. 3030100303000004.

| Contract No. | Name of Project | Estimated Amount inclusive VAT and PS | Price of Bid Document, NRs. | Bid Security Amount, NRs. | Last Date of Bid Purchase and Submission |
|---|---|---|---|---|---|
| TM/PLP/Goods/ NCB/23/2081-82 | Procuremnet and Delivery of Pipes,humePipes and Gabion Box. | 2582600.59 | 3000.00 | 65000 | 2082/01/26 12.00 Pm (May 9 2025) |
| TM/PLP/W/NCB /24/2081-82 | Landslide management works at KailashNagarTansen,Palpa | 5556855.09 | 3000.00 | 139000 | 2082/01/26 12.00 Pm (May 9 2025) |

Chief Administrative Officer
Tansen Municipality Office

## विनयी त्रिवेणी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

दुम्किबास, नवलपरासी (बर्दघाट-सुस्तापूर्व)

गण्डकी प्रदेश, नेपाल

स्थाः २०७३

# बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रथम पटक प्रकाशन मितिः २०८१/१२/२७**

यस कार्यालयबाट मिति २०८१/१२/०५ गते आह्वान भएको ठेक्कामा तपसिल बमोजिमको बोलपत्र दाताको कबोल अंक सारभूत रुपमा प्रभावग्राही भएकोले बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को प्रयोजनार्थ सम्बन्धित सबैको लागि प्रकाशन गरिएको छ।

| सि.न. | बोलपत्र न. | खोला खण्डको विवरण | छनौट भएको बोलपत्र दाताको नाम र ठेगाना | कबोल रकम (मु.अ.क. बाहेक) |
|---|---|---|---|---|
| 1 | 30/BTRM/NBC/Rev/2081-082 | Section 2 from Siloutepool to Pakhapani | Chur Construction and Dhakal Suppliers, Sarawal-01 Nawelparasi West | 7001111.00 |
| 2 | 31/BTRM/NBC/Rev/2081-082 | Bagar area of Khorandi river | Binshyabasini Baluwa Prasodhan Tatha Nirman Samagri Pvt.Ltd., Binayi Tribeni Rural Municipality Ward No 2 | 2440447.00 |

**प्रमुख प्रशासकीय अधिकृत**

## छत्रदेव गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

छत्रगञ्ज – अर्घाखाँची

# बोलपत्र स्वीकृती सम्बन्धी आशयको सूचना !

मिति २०८१/१२/२७

यस कार्यालयको स्वीकृत कार्यक्रम अनुसार ठेक्का नं. CRM/ARG/NCB/W/06/081/82, Supply and Delivery of Agricultural Equipment , का लागि मिति २०८१/११/१९ गते दैनिक पत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम निर्धारित समयभित्र Online प्राप्त हुन आएका बोलपत्रहरु मिति २०८१/१२/२० मा खोली बोलपत्र मूल्याङ्कन समितिबाट मूल्याङ्कन हुँदा मिति २०८१/१०/२१ गतेको मूल्याङ्कन समितिको सिफारिस तथा कार्यालयको मिति २०८१/१०/२२ गतेको निर्णयअनुसार अस्टदिप एग्रो इन्जिनियरिङ्ग, बुटवल-११, रुपन्देहीले कबोल गरेको अंक (मु.अ.कर र पि.एस. समेत) रु. ६०,८८,६०८ .०० (अक्षरेपी साठी लाख अठासी हजार ५ सय आठ रुपैयाँ) मात्रको बोलपत्र सिफारिस भइ स्वीकृतीका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन समेत) को दफा २७ र ४७ को प्रयोजनार्थ यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ।

**प्रमुख प्रशासकीय अधिकृत**

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः **सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः **तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297



**आहाल बस्दै गरेका भैँसीः**
दाङको गढवा गाउँपालिका-४ स्थित राप्ती नदीमा आहाल बस्दै गरेका भैँसी । किसानले गर्मी मौसममा नदीमा भैँसीलाई आहाल राख्न लैजाने गर्छन् । तस्विर : सुशीला ओली/रासस

# डढेलोले सखाप हुँदै जङ्गल



पाल्पा । लामो समयसम्म पानी नपरेर खरेडी लागेकाले जिल्लाका अधिकांश जङ्गलमा डढेलो लाग्न थालेको छ । हालसम्म यहाँका ३६ सामुदायिक तथा सरकारी जङ्गलमा लागेको डढेलोले सात सय ११ हेक्टर क्षेत्रफल नष्ट गरेको छ ।

यहाँका अधिकांश वन क्षेत्रका नयाँ बिरुवा डढेर खरानी बनेका छन् । जङ्गलमा दिनदिनै बढेको डढेलोले दुई वर्षयताका नयाँ बिरुवा डढाएर खरानी बनाएको जिल्लास्थित डिभिजन वन कार्यालयले जनाएको छ । डढेलोले वयस्क र पुराना रुख पनि नष्ट गरेको कार्यालयका प्रमुख नारायणदेव भट्टराईले बताए ।

चैत लागेसँगै बढेको डढेलोले वन क्षेत्र उजाड बनेको छ । अहिले रुख बिरुवाले पालुवा फेर्न र झारेका पुराना पात सुकेकाले पनि वनमा लाग्ने डढेलोले आगो चाँडै फैलने गरेको प्रमुख भट्टराईले बताए । वन क्षेत्रमा दिनदिनै बढेको डढेलोले रुख, बिरुवा सखाप हुनुका साथै नजिकका बस्ती पनि आगलागीको उच्च जोखिममा परेकाले उच्च सर्तकता अपनाउन उनले सबैलाई आग्रह गरे ।

यसपाली हिउँदे वर्षा नभएकाले डढेलो झन् फैलिएको स्थानीय बताउँछन् । हिउँदे वर्षाले रुख, बिरुवाले झारेका पातपतिङ्गर भिजाउँदा आगो ढिलो फैलने विगतको अनुभव सम्झँदै वन क्षेत्र नजिकका बासिन्दा यसपाली हिउँदे वर्षा नहुँदा चैत मध्यभित्रै डढेलोले विकराल रूप लिएको बताउँछन् ।

विशेषगरी जङ्गल नजिकैका बस्तीका नागरिक आगो लाग्नासाथ चिन्तित हुने गर्दछन् । जङ्गलमा लागेको आगो घरमा आउने डरले स्थानीय चिन्तित भएका छन् । वसन्त र ग्रीष्म ऋतु विशेषगरी डढेलो जोखिमको समय मानिन्छ । डढेलोका कारण वर्षभरि भएको हरियाली वन क्षणभरान नष्ट हुन्छ । यस वर्ष पनि गर्मी मौसम सुरु हुनासाथ डढेलोका घटनाहरू बढेका वन प्रमुख भट्टराईले उल्लेख गरे ।

केही दिनयता जिल्लाका तिनाउ गाउँपालिका-३ झुम्साको खुलखुले सामुदायिक वन, झुम्साको वसन्तपुर नजिक ओढारखोला, सरागखोला, कचलको काम्लेटटरी, मसिना, सिद्धचुहार, तरुले सामुदायिक वन, झिँगामारा, रिङ्सिङ वन, तिनाउ गाउँपालिका-२ को सुकेताल र खुर्सानि नजिकैको जङ्गल, रम्भा गाउँपालिकाअन्तर्गत पर्ने रिमिघा डाँडा जङ्गल, रिब्दीकोट गाउँपालिकाको पालुङ सामुदायिक वनलगायत जङ्गलमा डढेलो लागिरहेको जिल्लास्थित डिभिजन वन कार्यालयले जनाएको छ ।

निस्दीको ज्यामिरेस्थित अरुणखोलास्थित जङ्गल, ज्यामिरेको वेभोके, बतासा, मठेखर्क, क्षेत्रीखर्क, माथागढीको रहवास, हात्तीलुङलगायत स्थानमा पनि डढेलो लागेको कार्यालयका प्रमुख भट्टराईले जानकारी दिए । उनका अनुसार यहाँका स्थानीयले बस्ती जोगाउन सफल भए पनि मानवीय क्षतिसहित जङ्गल, केही घरगोठ र भौतिक संरचनामा क्षति भएका छन् ।

हालसम्म जङ्गलमा लागेको डढेलो निभाउने क्रममा एक जनाको मृत्यु भएको जनाउँदै प्रमुख भट्टराईले १६ वटा घरगोठ जलेका बताए । सामुदायिक वनमा लागेको डढेलो नियन्त्रणमा लिन प्रयास गरे पनि आगो पूर्ण रूपमा ननिभ्दा हावाहुरीले पुनःसल्किने समस्या रहेको उनले जनाए । जिल्लाका तिनाउ, रिब्दीकोट, बगनासकाली, तानसेन र रैनादेवी छहरामा बढी डढेलो लागेको उनले जानकारी दिए ।

अधिकांश डढेलो लागेको जङ्गल नजिकै बस्ती छन् । ती बस्तीमा हावाहुरीले कुनै पनि समय डढेलो छिर्ने डरले स्थानीय रातभर सुत्न सक्दैनन् । हरेक वर्ष लाग्ने आगोका कारण रातभर निदाउनै नसकिने रिब्दीकोटकी भिमा कार्कीले बताइन् । "अघिल्लो वर्ष नजिकैको जङ्गलमा लागेको आगो बस्तीमा पसेको थियो, आगोबाट बल्लबल्ल बस्ती जोगाउन सफल भए पनि पटकपटकको डढेलोले रातमा निन्द्रा लाग्दैन ।"-उनले भनिन् ।

अहिले पनि यहाँ आगो लागेको छ भन्दै कार्कीले भनिन्-"पहिले छिमेकीको घर जलेको थियो, कतै आफ्नो जल्ने त होइन भन्ने पिरले अहिले पनि सताउँछ । के गर्नु विपत्तिको अगाडि कसैको केही लाग्दो रहेनछ ।" घरमा एक्लै बस्दै आएकी कार्कीले बढ्दै गएको डढेलोका कारण चिन्ता बढेको बताइन् । दिनहुँ जस्तो भगवान्लाई सम्झिँदै बस्नु परेको उनको भनाइ छ ।

डढेलो नियन्त्रणका लागि डिभिजन वन कार्यालयले मातहतका कार्यालय, सामुदायिक वन उपभोक्ता महासङ्घ, सामुदायिक वन, स्थानीयवासी, नेपाल प्रहरी, सशस्त्र प्रहरी, स्थानीय निकायले दैनिकजसो नियन्त्रणको प्रयास गरे पनि सफल हुन नसकेका जनाइएको छ ।

सुक्खा मौसम तीव्रगतिमा चलेको हावाहुरी, चुरे तथा महाभारत क्षेत्रको भू-बनोटले गर्दा डढेलो नियन्त्रण बाहिर गएको डिभिजन वन कार्यालयले जनाएको छ ।

दमकलले बस्ती नजिकेको आगो निभाए पनि जङ्गलको आगो भने नियन्त्रण गर्न नसकिएको वन कार्यालय प्रमुख भट्टराईले जानकारी दिए । उनका अनुसार पाल्पाका १० स्थानीय तहका ८१ वडामध्ये ३९ वटा वडाका वन, जङ्गल डढेलोको उच्च जोखिममा छन् भने २६ वडा मध्यम र १६ वडा न्यून जोखिममा रहेका छन् ।

डढेलो नियन्त्रणका लागि पाल्पाका वनमा अग्निरेखा बनाउने र भएका अग्निरेखा सरसफाइ गर्ने काम भइरहेको भट्टराईले जानकारी दिए ।

"गर्मी मौसम सुरु भएसँगै आगलागीका घटना बढ्दै गएपछि वन कार्यालयले डढेलो नियन्त्रणका लागि पूर्वसावधानी अपनाउँदै अग्निरेखा बनाउने कार्यलाई भने तीव्रता दिएको छ ।"-उनले भने ।

# शिक्षामा न्यू होराइजनको विशिष्ट स्थान : तिवारी



बुटवल । न्यू होराइजन इङ्लिस बोर्डिङ सेकेन्डरी स्कूलले कक्षा १२ को परीक्षा दिने तयारी रहेका विद्यार्थीलाई शैक्षिक सफलताको शुभकामनासहित बिदाई गरेको छ ।

कार्यक्रममा बोल्दै राष्ट्रिय परीक्षा बोर्ड बुटवलका प्रमुख रोमाकान्त तिवारीले निरन्तर उत्कृष्ट नतिजाका साथ शिक्षामा न्यू होराइजनलेराष्ट्रमै विशिष्ट स्थान बनाएको बताए ।

शैक्षिक नतिजासँगै खेलकुद र अतिरिक्त क्रियाक(लाप, अनुशासन, नैतिकतायुक्त असल संस्कारमा न्यू होरइजनका विद्यार्थी अब्बल रहेको तिवारीले चर्चा गरे । उनले विद्यार्थीलाई परीक्षामा आत्मविश्वासका साथ उत्तर लेखेर उत्कृष्ट नतिजा ल्याउन शुभकामना दिए । नेपालका विद्यालयमा पढेका विद्यार्थीहरु अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्न सक्ने उनले बताए ।

विद्यालयका प्राचार्य लोकनाथ उपाध्यायले देशको शैक्षिक विकासमा होराइजनको ठूलो योगदान रहेको बताए । पढाइसँगै संस्कार र अनुशासनयुक्त जनशक्ति उत्पादनलाई विद्यालयले जोड दिएको उनले बताए । क्षमतावान् विद्यार्थी अब अवसरको खोजीमा विदेश होइन स्वदेशमै भविष्य खोज्नुपर्ने प्राचार्य उपाध्यायले जनाए ।

अभिभावक संघ केन्द्रीय सदस्य लोकनाथ ज्ञवाली र अभिभावक संघ लुम्बिनी प्रदेशका अध्यक्ष हेम थापाले विद्यार्थीहरुलाई उच्च शिक्षा नेपालमै पढ्न र स्वदेशमै भविष्य खोज्न आग्रह गरे ।

विद्यालयका अध्यक्ष ज्ञानेन्द्र कसजूले विद्यार्थीको शैक्षिक गुणस्तरसंगै चौतर्फी विकासमा संस्थाले कुनै सम्झौता नगरी लगानी गरेको बताए । न्यू होराइजन संस्थाअन्तर्गत १२ कक्षा माथिको उच्च शिक्षा क्षितिज इन्टरनेसनल कलेज र बुटवल मोडेल कलेजमा पढ्न सकिने जानकारी गराए ।

कार्यक्रममा कक्षा १२ विज्ञान संकायका विद्यार्थी राहुल खड्काथोकी र व्यवस्थापन संकायका सुशान्त ज्ञवालीले न्यू होराइजनमा उत्कृष्ट शैक्षिक र पारवारिक तथा संस्कारयुक्त वातावरण रहेको बताए ।

कार्यक्रममा अभिभावक संघ रुपन्देहीका अध्यक्ष लोकनाथ ज्ञवाली, बुटवल मोडेल कलेजका प्राचार्य नेत्र बश्याल, क्षितिज इन्टरनेशनल कलेजका सह-प्राचार्य राजेन्द्र लम्साल, विद्यालयका प्लस टु व्यवस्थापन संकाय संयोजक प्रकाश खनाल, प्रकाश गौतमलगायतले आ-आफ्नो भनाइ राख्दै शुभकामना व्यक्त गरे ।

साथै सोही अवसरमा अतिरिक्त क्रियाकलाप तथा विद्य(ालयले सञ्चालन गरेका परीक्षामा उत्कृष्ट नतिजा ल्याएका विद्यार्थीहरुलाई राष्ट्रिय परीक्षा बोर्डका प्रमुख तिवारी, अध्यक्ष कसजू, उपाध्यक्ष निर्मल लाकौल, कोषाध्यक्ष रामेश्वर श्रेष्ठ,प्राचार्य उपाध्याय, उप प्राचार्यहरु बालकृष्ण भण्डारी, बासुदेव अर्याल, राजीव श्रेष्ठलगायतले पुरस्कार वितरण गरे । कार्यक्रममा विद्यार्थीहरुले आ-आफ्ना सांस्कृतिक प्रस्तुतिहरु देखाएका थिए ।

# एमालेले बुटवलमा जागरण सभा गर्दै



बुटवल । नेकपा (एमाले) ले चैत २९ गते शुक्रबार बुटवलमा आयोजना गर्न लागेको जनसभामा ५० हजार जनता उतार्ने भएको छ ।

एमाले रुपन्देहीका अध्यक्ष यज्ञ गैरेले नागरिकमा नकारात्मक भ्रम फैलाएर स्वार्थको रोटी सेक्ने कोशिष भैरहेको भन्दै यसलाई चिर्न र पछिल्ला दिनमा लोकतन्त्रविरोधी गतिविधि हुन थालेको भन्दै त्यसका विरुद्ध जनतालाई जागरूक बनाउने मुख्य उद्देश्यका साथ जनसभा आयोजना हुन लागेको बताए । "सरकारले थुप्रै राम्रा कामहरु गर्दा पनि केही भएन भनेर भाष्य स्थापित गर्न खोजिएको र सामाजिक सञ्जालमा दलहरुप्रति नै वितृष्णा फैलाउने गरी सुनियोजित प्रचार भैरहेको भन्दै यसलाई चिर्न पनि जनसभा आयोजना गरिएको हो ।"-उनले भने ।

अध्यक्ष गैरेले भने-"चैत २९ गतेको जनसभाको अन्तिम तयारी पूरा भइसकेको छ । यो मूलतः हामीले लक्षित गरेको जनसमूहलाई उपस्थित गराएर जनतालाई जागरण गर्ने कार्यक्रम हो ।"

उनले जनसभामा ५० हजार कार्यकर्तालाई सडकमा उतार्ने योजना रहेको बताए । उनले भने- "त्यसका लागि रुपन्देहीका १६ वटै पालिका कमिटी, वडा कमिटी, जनसंगठनको बैठक गरेर पार्टीले आवश्यक जनपरिचालनको योजनालाई कार्यान्वयन गर्ने योजना छ । ५० हजार मानिसलाई सडकमा उतार्ने गरी कार्ययोजना अगाडि बढाएका छौँ ।"

एमाले पोलिटब्यूरो सदस्य दधिराम न्यौपानेका अनुसार पार्टीको सम्पूर्ण शक्ति परिचालन गरी जनसभामा केन्द्रित गरिएको जानकारी दिए । "जनता अझैँ पनि एमालेको पक्षमा छन्, एमाले नेतृत्वको सरकारले गरेका कामलाई बुझेका छन्, २९ गतेको जनसभाले पनि यसको सन्देश दिने छ ।"-उनले भने ।

उनले एमालेको जनसभाले सुशासन, विकास र समृद्धिको पक्षमा सन्देश दिन खोजेको बताए । उनले भने-"लोकतन्त्र, विधिको शासन र कानुनी राजको पक्षमा नेकपा (एमाले) दृढतापूर्वक उभिन्छ । कुनै पनि किसिमको अराजकता र अस्थिरतालाई अस्वीकार गर्छ भन्ने हाम्रो सन्देश हो ।"

मुलुकमा राजनीतिक अस्थिरता र प्रतिगामी तत्वहरु सल्वालाएकाले जनतालाई सचेत गराउन आवश्यक रहेको उनले बताए । एमालेको मिसन ०८४ र समृद्ध नेपाल, सुखी नेपालीको लक्ष्यलाई कमजोर बनाउन प्रतिगामीहरुले अराजक गतिविधि बढाइएको उनको दाबी छ ।

एमाले लुम्बिनी प्रदेश प्रचार विभाग प्रमुख डीआर घिमिरेले जनसभा सफल पार्न प्रचार संयन्त्रलाई प्रभावकारी र व्यवस्थित ढंगले परिचालन गरिएको बताए । "एमालेले लिएको नीति, कार्यक्रम र योजना राम्रा हुँदाहुँदै पनि नागरिकमा योजनाबद्ध भ्रम फैलाएर पार्टीलाई कमजोर पार्न सकिन्छ कि भनेर केही स्वार्थ समूह लागेका छन्, यसविरुद्ध पनि जनसभाले सन्देश दिने छ ।"-उनले भने । एमाले रुपन्देहीका सचिव चित्रबहादुर कार्कीका अनुसार बुटवल मण्डपमा आयोजना हुने जनसभाको तयारी अन्तिम चरणमा पुगेको छ । जनसभालाई पार्टी अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओलीले संबोधन गर्ने पनि उनले बताए ।

जरा अभियानमार्फत् वडा, टोलसम्म कार्यक्रम सञ्चालन गरिरहेको एमालेले प्रतिगामीलाई तह लगाउँदै प्राप्त उपलब्धि रक्षाका लागि सक्षम रहेको धारणा उनले राखे ।

जनसभाको आवश्यक तयारी तथा जनपरिचालनका लागि एमाले रुपन्देहीले जिल्ला सचिव चित्रबहादुर कार्कीको संयोजकत्वमा जनपरिचालन कमिटी बनाएको छ ।

# सन् २००९ को टिमलाई महिला लेजेण्ड टी-ट्वान्टी सिरिज



भैरहवा । पूर्व महिला क्रिकेट खेलाडीहरुबिच भैरहवामा सम्पन्न 'महिला लेजेण्ड टी-ट्वान्टी सिरिज' सन् २००९ को टिमले हात पारेको छ । मुलुकमै पहिलोपटक महिला लेजेण्डबिच भैरहवामा दुई दिवसीय स्पर्धा भएको थियो । जसमा दुबै खेल जित्दै सन् २००९ को टिमले सिरिज आफ्नो पक्षमा पारेको हो । मंगलबार सिद्धार्थ क्रिकेट मैदान, भैरहवामा सम्पन्न सिरिजमा सन् २००९ को लेजेण्ड महिला टिमले सन् २००७ को टिमलाई ८१ रनले पराजित गर्दै सिरिज हात पारेको हो ।

टस जितेर ब्याटिङ गरेको सन् २००९ ले निर्धारिता २० ओभरमा ६ विकेटको नोक्सानी १ सय ४१ रन बनायो । जसमा करुण भण्डारीले ३२, रितु कनौजियाले २९, सोनु खड्काले २८, एन्जिला पाठकले ११ तथा नीमा तामाङ र खिनाकुमारी थापाले समान १०-१० रन बनाए । बलिङमा सन् २००७ का नेरी थापा मगरले ३, सुस्मिता चौधरीले २ र नितु थापाले १ विकेट हात पारिन् ।

जवाफमा सन् २००७ को टिम ८ विकेट गुमाएर ६८ रन मात्रै बन(ायो र हार व्यहोर्यो । उसका लागि निराराज उपाध्यायले २३ रन बनाए पनि अन्य ब्याटरले दोहोरो अंकमा रन बनाउन सकेनन् । बलिङमा सन् २००९ को टिमकी सरस्वती पुन र सीता शाहीले २-२, तथा रितु कनौजिया र करुणा भण्डारीले समान १-१ विकेट लिए ।

प्रतियोगितामा सन् २००८ की करणा भण्डारीलाई बेष्ट बलरको पुरस्कार प्रदान गरिएको थियो ।

यस्तै, सहभागी सबै खेलाडीहरुलाई मायाको चिनोले प्रोत्साहन गरिएको आयोजकले जनाएका छन् ।

रुपन्देहीको कोटहीमाई गाउ(ँपालिकामा रहेको योलो ड्रिकिङ वाटरको आयोजना र रुपन्देही क्रिकेट संघको सहआयोजनामा सिरिज भएको हो ।

सन् २००७ र २००९ मा खेलेका पूर्व राष्ट्रिय र अन्तर्राष्ट्रिय महिला खेलाडीहरुको छुट्टाछुट्टै टिम बनाएर सिरिज आयोजना गरिएको थियो । नेपालमा पुरुष लेजेण्ड क्रिकेट हुँदै आए पनि महिला लेजेण्ड क्रिकेट भने पहिलोपटक गरिएको हो ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका
साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई
सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com